# संघीय संसद
# प्रतिनिधि सभा
## चौथो अधिवेशन
## बैठक संख्या - १
## दैनिक कार्यसूची

२०७६ वैशाख १६ गते

**सोमबार**

दिनको ४:०० बजे

### राष्ट्रपतिको पत्र

१. सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आव्हान सम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### अधिवेशन प्रारम्भका अवसरमा मन्तव्य

२. अधिवेशन प्रारम्भको अवसरमा दलिय आधारमा मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुने ।

### अध्यक्षता गर्ने सदस्यको मनोनयन

३. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन गर्नुहुने ।

### राष्ट्रपतिको कार्यालयको पत्र

४. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### शोक प्रस्ताव

५. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुने :-

(क) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा राष्ट्रिय सभामा निर्वाचित सदस्य, बुद्ध धर्म र दर्शनका ज्ञाता, नेपालको छैठौं संघनायक भिक्षु अश्वघोषको ९३ वर्षको उमेरमा मिति २०७५ साल चैत्र २२ गते शुक्रबार निधन भएकोमा उहांको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली कांग्रेसको समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपालको औद्योगिक विकासमा सक्रिय, इमान्दार, कुशल एवं असल उद्योगपति एवं नेता दिवाकर गोल्छाको ६७ वर्षको उमेरमा मिति २०७५ साल चैत २६ गते मंगलबार निधन भएकोमा उहांको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली कांग्रेसको तर्फबाट गुल्मी जिल्ला क्षेत्र नं. ३ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, सादा जीवन पद्धतिमा विश्वास राख्ने शालिन नेता रुद्रमणि शर्मा भण्डारीको ७२ वर्षको उमेरमा मिति २०७५ साल चैत्र २८ गते बिहीबार निधन भएकोमा उहांको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(घ) "प्रतिनिधि सभाको यो बैठक २०४८ र २०५६ सालमा नेपाली कांग्रेसको तर्फबाट रुपन्देही जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य, स्वास्थ्य, उद्योग, वाणिज्य तथा आपूर्ति लगायतका मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएका पूर्व मन्त्री, राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति अटल आस्था राख्ने शालिन, भद्र र समाजवादी नेता रामकृष्ण ताम्राकारको ७६ वर्षको उमेरमा मिति २०७६ साल वैशाख १० गते मंगलवार निधन भएकोमा उहांको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव